परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक
वर्ष : ४ अंक : ५१ पष्ठ ४ २०८२ मंसिर २६ गते, शुक्रबार 12 December, 2025 मूल्य रु. ५/–
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## कांग्रेस, एमाले र नेकपासँग चुनावी तालमेल नगर्ने निष्कर्षमा मधेस केन्द्रित दल

टक नेपाल

फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचन नजिकिएसँगै मधेस केन्द्रित दलहरुमा ध्रुवीकरणको बहस अरू तीव्र बनेको छ। सकभर एकतामा जोड दिएका उनीहरुले विकल्पमा मोर्चाबन्दी र त्यो पनि हुन नसकेन सिटमा तालमेल गर्नेगरी अघि बढेका छन् । मधेस केन्द्रित मुख्य दलहरुको संघीय लोकतान्त्रिक मोर्चाले यी विभिन्न विषयमा काम गर्ने निष्कर्ष निकालेको छ।

जनता समाजवादी पार्टी नेपालका महासचिव रामकुमार शर्मा भन्छन्, 'जुन दलहरुका बिचमा सहमति हुन्छ, ती दल एकताका लागि अगाडि बढ्छन्, एकता गर्न नसक्ने दलहरुबिच मोर्चाबन्दी हुन्छ । त्यो पनि हुन नसके दलहरुबिच सिटमा तालमेल हुन्छ ।' यद्यपि उम्मेदवारको सिफारिस भएर आएपछि मात्रै कुन विकल्पमा जाने भन्ने कुराको टुंगो लाग्ने उनको भनाइ छ ।

'मोर्चामा रहेका दलहरुले तलबाट उम्मेदवार सिफारिस गर्न सर्कुलर गरिसकेका छन्, सबै ठाउँबाट उम्मेदवारको नाम आइसकेपछि कहाँ कुन क्षेत्रमा सिट बाँडफाँड गर्न सकिन्छ, त्यसपछि मात्र मोर्चा निष्कर्षमा पुग्छ,' शर्मा भन्छन् ।

मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, डा. सीके राउत नेतृत्वको जनमत पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, रेशम चौधरी संरक्षकत्वको नागरिक उन्मुक्ति पार्टी नेपाल, वृषेशचन्द्र लाल नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टी र हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी छन् ।



यीमध्ये राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले एउटै चुनाव चिन्हबाट चुनाव लड्ने सहमति गरिसकेका छन् । जसपा लोकतान्त्रिक मोर्चामा आवद्ध छैन ।

एउटै चुनाव चिन्हबाट चुनाव लड्ने पक्षमा जनता प्रगतिशील पार्टीका अध्यक्ष त्रिपाठी र तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल पनि थिए तर हाल उनीहरु चुनाव चिन्हमा सहमति जुटाउन सकेका छैनन् । त्यस्तै सिटमा तालमेल गर्ने पक्षमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर र जनमत पार्टीका अध्यक्ष डा. सीके राउत देखिएका छन् ।

जसपा नेपाल र लोसपा नेपालबिच एकताका लागि पनि छलफल भइरहेको जसपा नेपालका महासचिव शर्मा बताउँछन् । उता लोसपा नेपालले आफ्नो पार्टीबाट अलग भएका वृषेशचन्द्र लाल नेतृत्वको तमलोपा र हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टीसँग एकताका लागि संवाद अगाडि बढाएको छ ।

लोकतान्त्रिक मोर्चामा रहेको राष्ट्रिय मुक्ति पार्टी नेपालले नेपाल जनमुक्ति पार्टी (एकता पक्षधर), कोचिला संघर्ष समिति र संघीय लिम्बुवान पार्टी नेपालसँग बुधबार एकता गरेको छ ।

पहिचानवादी तथा अग्रगमनकारी शक्तिहरु एकसाथ चुनावमा जाने सहमति भएअनुसार यो एकता भएको रामुपाका महासचिव केशव झा बताउँछन् । अन्य पहिचानवादी शक्तिहरुसँग सहकार्य र एकताका लागि छलफल चलिरहेको उनको भनाइ छ ।

विगतमा यसरी नै मोर्चामा चुनावी तालमेल गने सहमति भएपनि कार्यान्वयन हुन सकेको थिएन । मधेस केन्द्रित दलहरु कहिले कांग्रेससँग त कहिले एमाले र कहिले माओवादीसँग तालमेल गरेर चुनावमा गएका थिए । तर यसपटक मोर्चामा आएको प्रतिवद्धता र सहमति अनुसार चुनावमा मधेस केन्द्रित दलहरु एक ढिक्का रहने दाबी मोर्चामा आवद्ध दलका नेताहरुले गरेका छन् ।

## ११ विगहा सरकारी जग्गा हिनामिना प्रकरण : शेख मेराज पुर्पक्षका लागि कारागार चलान




टक नेपाल

सरकारी जग्गामा किर्ते कागजात बनाएर आफ्नो नाममा लालपुर्जा खडा गरेको आरोप लागेका गुजरा नगरपालिका-४ कनकपुर टोलका ५८ वर्षीय शेख मेराजलाई रौतहट जिल्ला अदालतको आदेशपछि पुर्पक्षका लागि कारागार पठाइएको छ ।

अदालतले बुधबार गरेको आदेशअनुसार उनलाई गौर कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ। लामो समयदेखि फरार रहेका मेराजलाई प्रहरीले गत कार्तिक २७ गते विशेष सूचनाका आधारमा पक्राउ गरेको थियो।

अनुसन्धान अनुसार मेराजसहितका प्रतिवादीले नेपाल सरकारको नाममा रहेको ११ विगहा ७ कट्ठा १५ धुर जग्गा नक्कली कागजात तयार गरी जग्गाधनी प्रमाण-पत्र (लालपुर्जा) निकालिएको खुलेको छ। त्यसकै आधारमा मालपोत, भूमिकर रसिददेखि चारकिल्ला प्रमाणित गराएर सरकारी जग्गा हिनामिना गर्ने प्रयास भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी प्रवक्ता डीएसपी विष्णुप्रदीप बस्यालका अनुसार, गैरकानुनी कागजात तयार पार्ने प्रक्रियामा संलग्न अन्य व्यक्तिहरूको पनि खोजी तीव्र पारिएको छ। नेपाली प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो (ऋक्ष्य) को पत्र र प्रारम्भिक उजुरीका आधारमा दर्ता भएको मुद्दामा प्रमाण संकलनपछि सरकारी वकिलको कार्यालयमार्फत अभियोजन पत्र अदालतमा पेश गरिएको बस्यालले बताए।

अदालतको आदेशअनुसार शेख मेराजलाई पुर्पक्षका लागि कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।









पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# भोकमरीको दुश्चक्रबाट उम्किने बाटो

एकातिर ठूला संरचनायुक्त भौतिक विकास र समृद्धिको हुटहुटी, अर्कोतिर भोकमरीको स्थितिमा वृद्धि- यति बेला नेपाल प्राथमिकता र यथार्थबीचको विरोधाभासमा देखिन्छ। 'वेल्ट हंगर हिल्फे' र 'लि-बर्ड' ले मंगलबार सार्वजनिक गरेको 'विश्व भोकमरी सूचकांक २०२५' प्रतिवेदनमा नेपाललाई 'मध्यम श्रेणीको भोकमरी' भएको देशका रूपमा राखिएको छ। प्रतिवेदनअनुसार नेपालमा भोकमरीको स्थिति र बाल पुड्कोपनाको दर बढेको छ। भोकमरी र पुड्कोपनबाट प्रभावित समूहको सर्वपक्षीय विकासमा पर्ने असर न्यूनीकरण, यस्तो हुनुको कारण पत्ता लगाउन र आगामी दिनमा सुधार ल्याउन राज्यले अतिरिक्त मिहिनेत गर्नुपर्ने हुन्छ।

सकारात्मक उपलब्धि हासिल गर्दै २०३० भित्र दिगो विकासको 'जिरो हंगर' लक्ष्य पूरा गर्न पनि नेपालका निम्ति चुनौतीपूर्ण हुनेछ। त्यसैले व्यावहारिक नीति, पर्याप्त बजेट व्यवस्थापन र लक्षित वर्ग लाभान्वित हुने कार्यक्रम सञ्चालनका निम्ति कठोर मिहिनेत आवश्यक छ।

'ग्लोबल हंगर इन्डेक्स' (जीएचआई) मा नेपाल २०२४ मा १ सय २३ राष्ट्रमध्ये ६८ औं स्थानमा रहेको थियो भने यस वर्ष चार स्थान खस्किएर ७२ औं स्थानमा झरेको छ। नेपालको 'जीएचआई' अंक १४.७ बाट बढेर १४.८ पुगेको छ। 'हंगर इन्डेक्स' बढ्नुले नेपालमा भोकमरीको अवस्था झन्-झन् बिग्रँदै गइरहेको प्रस्ट हुन्छ।

त्यस्तै, पाँच वर्षभन्दा कम उमेर समूहका बालबालिकामा पुड्कोपना (चाइल्ड स्टन्टिङ) दर २४.८ प्रतिशतबाट बढेर २६ प्रतिशत पुगेको छ। लामो समयदेखि पर्याप्त पोषणयुक्त खाना नपाएको स्थितिलाई बाल पुड्कोपनाका रूपमा लिइन्छ। अल्पपोषण वा 'क्यालोरी' खपत कम हुने जनसंख्या नेपालमा ५.३ प्रतिशत रहेको देखिन्छ। बाल मृत्युदर २.६ प्रतिशत र ख्याउटेपना (चाइल्ड वेस्टिङ) ७ प्रतिशत छ। नेपाल सन् २००० मा 'जीएचआई' अंक ३७.१ सहित 'गम्भीर भोकमरी' भएको देशको श्रेणीमा रहेको नेपालले आफ्नो अवस्थामा उल्लेखनीय सुधार गरेको देखिए पनि मिहिनेत भने अझै आवश्यक रहेको पछिल्लो तथ्यांकले निर्देश गर्छ। पोषणको अवस्था, ख्याउटेपना, पुड्कोपना र बाल मृत्युदरमा आधारित भएर 'जीएचआई' को कुल अंक निकालिन्छ। त्यसैले 'जीएचआई' सन्तोषजनक नहुनुमा ठूलो जनसंख्या अझै पनि पोषणयुक्त खानाबाट वञ्चित रहेको देखिन्छ। यसमा खाद्य असुरक्षा, खाद्यान्न असमान वितरण वा पहुँचविहीनता जोडिन्छ। खाना खानेहरूले पनि सन्तुलित खाना नखानु वा खान नपाउनु अर्को समस्या हो। त्यस्तै, गर्भवती वा सुत्केरी अवस्थामा आमाले पाउनुपर्ने पोषणयुक्त खाना नपाउँदा जन्मिने वा जन्मिएका बच्चासमेत प्रभावित हुने गरेका छन्। ख्याउटेपना, पुड्कोपना वा बाल मृत्युदर नतिजाका रूपमा देखिने हुन्, तिनका कारणका लागि अनेकौं जटिलता जोडिएका हुन्छन्। जस्तो कि, आमा तथा स्वयं बच्चाले नै पेटभर खाना वा पोषणयुक्त खाना खान नपाउनु, स्वास्थ्य सेवामा सहज पहुँच नहुनु, सरसफाइयुक्त वातावरण नपाउनु, खोपजस्ता सेवाबाट वञ्चित हुनुजस्ता कारणले समग्र भोकमरी सूचकांकमै प्रभावित पारेको छ।

नेपालको संविधानको धारा ३० मा 'स्वच्छ वातावरणको हक', धारा ३५ मा 'स्वास्थ्यसम्बन्धी हक', धारा ३६ मा 'खाद्यसम्बन्धी हक', धारा ३८ मा 'महिलाको हक', धारा ३९ मा 'बालबालिकाको हक' र धारा ४२ मा 'सामाजिक न्यायको हक' को व्यवस्था गरिएको छ।

## विषय:- मालपोत कार्यालय वर्दीवासको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

सोमन साहको नाती जिम्दार साहको छोरा जिला महोत्तरी न.पा./गा.पा बर्दिवास वडा नं.९ मा बस्ने ६४ वर्षको राम प्रताप साहले तपसिलमा उल्लेखित जग्गा मेरो बाबु नाताको जिम्दार साह नामको साविक दर्ता लगत भिडाई जिम्दार साहको नामबाट मेरो नाममा छुट जग्गा दर्ता गरी पाउँ भनि द.नं. ४१४७ मिति २०८२।०२।१० को माग दावी गरेकोले माग बमोजिम निवेदकका नाममा छुट जग्गा दर्ता/छुट दर्ता नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित भएको यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल :**

| जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| महोत्तरी | विजलपुरा | ५ख | ४८ | १-५-२-० |

यसमा उल्लेखित कि.नं. को दर्ता बाँकी जग्गाको जग्गा वाला जिम्दार साह तथा निजकी पत्नी मेन देवी समेतको मृत्यु भएकोले निजहरु पछिका हकभोक खाने नजिकका हकदार ३ दाजु-भाईहरु क्रमश राम श्रेष्ठ, राम प्रकाश साह र राम प्रताप साह रहेकोमा अन्य दाजु-भाईहरुको मज्जुरी रहेकोले मेरो नाममा एकलौटी छुट जग्गा नामसारी गरि पाउँ भनी राम प्रताप साहको माग दाबी रहेको।

## जेनजी-सरकारबीच भएको सम्झौता 'कलाविहीन नाटक' : ओली

टक नेपाल

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले जेन-जी र सरकारबीच भएको सम्झौता कलाविहीन भद्दा नाटक भएको टिप्पणी गर्नुभएको छ।

काठमाण्डौमा आज सम्पादकहरूसँगको संवादमा अध्यक्ष ओलीले वर्तमान सरकारले प्रणाली र व्यवस्थाबारे कुनै पनि प्रकारको सम्झौता गर्न नमिल्ने बताउनुभयो। कुनै पनि प्रणाली र व्यवस्थाका बारेमा सम्झौता गर्ने म्यान्डेट यो सरकारले कहाँबाट पायो ? भनेर प्रश्न गर्दै उहाँले धेरै टिप्पणी गर्न आवश्यक नहुने तर्क गर्नुभयो।

उहाँले भन्नुभयो, 'हिजो एउटा कलाविहीन नाटक भयो। त्यसमा धेरै भन्नुपर्छ र ? यो सरकारले कुनै पनि प्रणाली र व्यवस्थाका बारेमा सम्झौता गर्ने म्याण्डेट कहाँबाट पायो ?'


अहिलेको सरकारले चुनाव गराउन नसक्ने जिकिर गर्दै ओलीले संसद् पुनर्स्थापना नै अन्तिम विकल्प भएको बताउनुभयो।








## १०औं महाधिवेशनमा सर्वाधिक मत ल्याउने नेताहरू अहिले ओलीको विपक्षमा




● टक नेपाल

नेकपा एमालेको ११औ महाधिवेशनबाट तेस्रो पटक सर्वसम्मत अध्यक्ष बन्ने केपी ओलीको आकाङ्क्षामा चुनौती बढ्दो छ।

मंसिर २७ देखि २९ गतेसम्म हुने ११औँ महाधिवेशनमा अध्यक्ष पदको उम्मेदवारी दिने तयारी गरेका ओलीसँग योपटक वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले प्रतिस्पर्धा गर्ने भएका छन् । यद्यपि ओली निकटस्थहरूले अझै पनि सर्वसम्मत नेतृत्व चयनको प्रयास गरिरहेको दाबी गरेका छन् । भदौ २०-२२ गते ललितपुरको गोदावरीमा सम्पन्न एमालेको दोस्रो विधान अधिवेशनले ओलीलाई तेस्रो कार्यकाल अध्यक्ष बन्न सहज हुनेगरी विधान संशोधन गरी दुई कार्यकाल र ७० वर्षे उमेर हदको व्यवस्था खारेज गरेको थियो । पूर्वउपाध्यक्ष तथा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण 'पेन्डिङ'मा राख्ने निर्णयप्रति वरिष्ठ उपाध्यक्ष पोखरेल, उपाध्यक्षहरू अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, सचिवहरू योगेश भट्टराई, गोकर्ण विष्ट, स्थायी समिति सदस्य कर्ण थापा लगायत नेताहरूले असहमति जनाएका थिए । शाक्य, पाण्डे, ज्ञवाली र थापाले त उक्त निर्णयप्रति 'नोट अफ डिसेन्ट' नै राखेका थिए । फरक प्रस्तावमाथि कुनै सुनुवाइ नगरी बहुमतको आधारमा निर्णय गरेकोमा असन्तुष्ट पक्षले महाधिवेशन हलमा यसबारे छलफल हुनुपर्ने प्रस्ताव राखेका छन् ।

तर अध्यक्ष ओली भने इतर पक्षको माग पूरा गर्ने पक्षमा देखिँदैनन् । विधान महाधिवेशनले नै नीतिगत निर्णय गरिसकेकाले राष्ट्रिय महाधिवेशनमा यसबारे कुनै छलफल नहुने उनले स्पष्ट सन्देश दिइसकेका छन् ।

ओलीले सार्वजनिक कार्यक्रममै ११औँ महाधिवेशनमा आफूले भाषण गर्ने र सर्वसम्मत नेतृत्व चयन गरेर सम्पन्न गर्ने बताइसकेका छन्, तर ओलीलाई सर्वसम्मत नेतृत्व चयन गर्न नदिन इतर पक्षले प्यानलै बनाएर चुनावी मैदानमा उत्रिने तयारी गरेको छ ।

२०७८ सालमा पार्टी विभाजन पश्चात् चितवनको सौराहामा सम्पन्न १०औँ महाधिवेशनमा पूर्वउपाध्यक्ष डा. भीम रावलले अध्यक्ष पदमा ओलीलाई चुनौती दिएका थिए । पूर्वउपमहासचिव घनश्याम भुसालले उपाध्यक्ष, पूर्वसचिव भीमप्रसाद आचार्य र स्थायी समिति सदस्य टंक कार्कीले सचिव पदमा उम्मेदवारी दिएका थिए । सर्वसम्मत नेतृत्व चयन गर्ने ओलीको प्रयास असफल भएपछि निर्वाचन भएको थियो । इतर पक्षका उम्मेदवारलाई मतदान नगर्न संस्थापन पक्षबाट सूचीसहित उर्दी जारी गरेपछि मतदानस्थलमा हङ्गामा मच्चिएको थियो ।

# गरिमा विकास बैंकमाथि ठगीको आरोप, आत्मदाह प्रयास



● टक नेपाल

गरिमा विकास बैंकले ठगीको आरोप लगाउँदै एकजना पीडितले आत्मदाहको प्रयास गरेका छन् ।

सर्लाहीको चन्द्रनगर गाउँपालिका वडा नम्बर ६ स्थित कामदका नथुनी मुखिया बिनले बुधबार शरीरमा पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेका छन् । बैंकको अधिकारीसंग छलफल गर्न जिल्ला प्रहरी कार्यालय सर्लाही पुगेका पीडित बिनले प्रहरी परिसरमै जीउमा पेट्रोल छर्केर आगो लगाइ आत्मदाहको प्रयास गरेका थिए ।

वित्तीय संस्थाले उल्टै जिल्ला प्रहरी कार्यालय सर्लाहीमा उजुरी गरेपछि बैंकसंग छलफल गर्न पीडित समूह जिल्ला प्रहरी कार्यालय अगाडि पीडित बिनले आगो लगाउन प्रयास गरेको छ । पीडित बिनले शरीरमा पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेपछि प्रहरी र स्थानीयको सहयोगमा बिनको हातको लाईटर खोसिए पछि कुनै अप्रिय घटना हुनबाट झण्डै जोगिएको थियो

गरिमा विकास बैंकका कर्मचारीले ५ करोड रुपैयाँ ऋण दिन्छु भन्दै आफूलाई डेढ करोड रुपैयाँ बैंकले लिलाम सकार गराएको पीडित बिनले बताए । उनले भने, 'आजभोली गर्दागदै विगत अढाइ वर्ष देखि न त ऋण नै दियो न त लिलाम सकार गरेको जग्गा नै भोग गर्न पाए ।' राष्ट्र बैंक समेतमा उजुरी गर्दा कुनै सुनुवाइ नभएको उनले गुनासो गरे ।

बैंकका कारण आफ्नो व्यवसायसमेत चौपट भएपछि आफूलाई मर्ने बाहेक केही बाकी नरहेको पीडित बिनले दुखेसो पोखे । जिल्ला प्रहरी र प्रशासनमा हार गुहार गरे पनि कुनै कारबाही नभएपछि आफूले आत्मदाहको प्रयास गरेको पीडित बिनको भनाइ छ । विगत ४ वर्ष देखि न्यायको लागि आफूहरु संघर्षरत रहेको बैंकबाट ठगीमा परेका अर्का पीडित फेकन राय बताउँछन् ।

आफूसहित दर्जनौं पीडित गरिमा विकास बैंकबाट ठगिए पछि प्रहरीमा पटकपटक उजुरी गरे पनि हालसम्म आफूहरुले न्याय नपाएको रायले सुनाए । ३० लाख रुपैयाँ ऋण रकम स्वीकृत भए पनि आफूले मात्र १ लाख ५० हजार रुपैयाँ पाएको र बाँकीको रकम बैंकका प्रबन्धकले गोलमाल गरेको उनको आरोप छ ।

ऋण लिन पुगेका आफूलाई पनि बैंकले ठगी गरेको अर्का पीडित सर्लाहीका दिनेश राय बताउँछन । ऋण स्वीकृत गरी जग्गा रोका गरे पनि आफूले पैसा नपाएको उनको गुनासो छ । पैसा नपाए पनि रोका गरिएको जग्गा लिलाम गर्ने बैंकबाट बारम्बार धम्की आएको उनको कथन थियो । राज्यले न्याय नदिदा आफू मर्नु न बाच्नु भएको उनले दुखेसो पोखे ।

ऋण रकम बुझाइसके पनि आफूहरुको जग्गा फुकुवा नगरेको अर्का पीडितले बताए । पटकपटक रकम बुझाए पनि बैंकका म्यानेजर बैंकको स्टेटमेन्टमा नचढाएको र उल्टै पैसा नबुझाएको भन्दै डर, त्रास र धाकधम्की दिने गरेको ऋणीहरु बताउँछन् । आफूहरुले न्याय नपाए गरिमा विकास बैंकबाट पीडित सम्पूर्ण ऋणिहरुले सामूहिक रुपमा आत्मदाह गर्ने उनीहरुले चेतावनी दिएका छन् ।

स्थानीयले गरिमा विकास बैंकले ऋण दिने भनी आफूहरुलाई झुक्याएर जग्गाधनी प्रमाणपूर्जा र अन्य विभिन्न कागजात लिएर ऋण दिँदै नदिइ घर, जग्गा नै लिलाम गरिदिएको गुनासो लामो समयदेखि गर्दै आइरहेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त सूचना अधिकारी एवं प्रहरी निरीक्षक विन्देश्वर यादवले गरिमा विकास बैंक मलंगवा शाखाका प्रवन्धकसहितलाई राखेर छलफल गराउने तयारी गरे पनि केही मानिसको एक समूह कार्यालयमा प्रवेश गरी पीडित मुखियाले अचानक शरीरमा पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेको जानकारी दिए ।

उनका अनुसार ऋणीहरुबाट नै आफूहरु असुरक्षित रहेको भन्दै गरिमा विकास बैंकको मलंगवा शाखाले निवेदन दिएका छन् । जिल्ला प्रशासन कार्यालयबाट समेत केही मानिसहरुबाट प्राप्त गुनासोबारे छलफल गराउन र बैंकका कर्मचारीलाई सुरक्षा प्रदान गर्नु भनी पत्र प्राप्त भएको इन्स्पेक्टर यादवले बताए ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरीयाले घटना सम्बन्धी आवश्यक अनुसन्धान गरी दोषी उपर कडा कारवाही गरिने जनाउनु भएको छ । गरिमा विकास बैंकले ऋणी तथा खाताधारीहरुको रकम पटकपटक अपचलन गरेको आरोप सेवाग्राहीहरुले लगाउँदै आएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल


- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



## चलचित्र विधेयकको मस्यौदामा फिल्मकर्मीले के-के दिए सुझाव ?



टक नेपाल

चलचित्र विधेयक राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा दफावार छलफलका लागि प्रस्तुत हुने क्रममा छ । अघिल्लो केपी शर्मा ओली नेतृत्वको सरकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले वैशाख १४ मा यो विधेयकको मस्यौदा राष्ट्रियसभामा पेस गरेका थिए । तर विधेयकमा राखिएका कतिपय बुँदाप्रति फिल्मकर्मीहरुले आपत्ति जनाएका छन् । विधेयकमा आफूहरूले प्रस्ताव गरेका विषयलाई बेवास्ता गरिएको उनीहरुको गुनासो छ

फिल्मकर्मीका विभिन्न संघसंस्थाले विधेयकमा आवश्यक संशोधनका लागि सुझाव बुझाएका छन् । बिहीबारबाट दफावार छलफल हुने चलचित्र विधेयकमा फिल्मकर्मीले दिएका सुझावलाई पनि प्रस्तुत गरिने संघिय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए ।

चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला विधेयक संशोधनसहित अगाडि बढाउनुपर्छ भन्नेमा आफूहरु रहेको बताउँछन् ।

'हामी कहिल्यै पनि विधेयकको विपक्षमा रहेका छैनौं । विधेयकमा राखिएका कतिपय बुँदाप्रति हाम्रो असहमति हो,' उनी भन्छन्, 'विधेयक फिर्ता त हुनु हुँदैन र यो पास हुनुपर्छ संशोधनसहित ।' अहिले पेस भएको विधेयकले ऐनको रुप लिएपछि मात्रै फिल्म क्षेत्रको अहिलेको समस्या समाधान हुने निरौला बताउँछन् ।

**संशोधन सुझाव समिति**

विधेयक विवादमा परेपछि राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले केही फिल्मकर्मीलाई बोलाएर 'तपाईंहरूको पेस भएको विधेयकमा केही संशोधन छ कि ?' भनेर सुझाव मागेको थियो । त्यसमा फिल्म क्षेत्रका ११ संघसंस्था चलचित्र निर्माता संघ, चलचित्र संघ, कलाकार संघ, निर्देशक समाज, प्राविधिक संघ, द्वन्द्व कलाकार संघ, आदिवासी जनजाति चलचित्र महासंघ, चलचित्र नृत्य संघ, चलचित्र छायाकार संघ, एनिमेसन र भीएफएक्स आभान, मानवरहित विमान ड्रोन संघ लगायतले सुझाव दिए ।

राष्ट्रियसभामा सुझाव पठाउन संघसंस्थाले कलाकार निर्माता तथा निर्देशक खगेन्द्र लामिछानेको संयोजकत्वमा विधेयक सुझाव समिति गठन गरेका थिए । जसमा नवीन सुब्बा, दीपेन्द्र गौचन, राजकुमार पोखरेल, मनोज पण्डित, समीर बलामी, शान्ता नेपाली लगायत सदस्य थिए ।

विधायन व्यवस्थापन समितिले नै बोलाएर तपाईंहरुको सुझाव ल्याउनुस् भनेपछि सबै फिल्मकर्मी र संघसंस्थाले सुझाव समिति बनाइएको कलाकार खगेन्द्र लामिछानेले बताए ।

**डिभिजन वन कार्यालयको अनुरोध**

- रुख रोपौं, वन जोगाऔं ।
- पानी मुहान, सिमसार, ताललैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तनको असर न्यूनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- प्लाष्टिक झोलाको सट्टामा वैकल्पिक झोलाको प्रयोग गरौं, प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक बिरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयमा सम्पर्क गरौं ।

डिभिजन वन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

# बजेट रकम रोक्काले पूँजीगत खर्च न्यून




टक नेपाल

गत केही महिनादेखि सरकारको अस्थिरता र मधेश प्रदेश सरकारका अर्थमन्त्रालयले पूँजीगत बजेट खर्च रोक्का गरेको कारण विकासे बजेट खर्च गति लिन नसकेको देखिएको छ ।

आर्थिक वर्षको ४ महिना बितिसक्दा पनि चालु खर्चतर्फ ९ प्रतिशतको हाराहारीमा बजेट खर्च भएपनि पुँजीगततर्फ मुश्किलले एक प्रतिशत बजेट मात्रै खर्च भएको मधेस प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ । केही मन्त्रालय तथा सो अन्तर्गतका निकायहरुमा न्यून मात्रामा भएपनि मधेश प्रदेशको प्रदेश सभा, मुख्यन्याधिवक्ताको कार्यालय, गृह तथा सञ्चार मन्त्रालय, खेलकुद तथा समाज कल्याण मन्त्रालय, प्रदेश नीति आयोगको पुँजीगत खर्च शून्य रहेको छ ।

चालु आर्थिक वर्ष ०८२/८३ मा सरकारको चालुतर्फ १६ अर्ब ७२ करोड पाँच लाख १७ हजार बजेट रहेको छ । कात्तिक मसान्तसम्ममा एक अर्ब ५५ करोड २३ लाख २८ हजार ६ सय ५० रुपैयाँ खर्च भएपनि पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार रहेकामा एक प्रतिशतको हाराहारीमा खर्च ४० करोड ३५ लाख नौ हजार ५७ रुपैयाँ मात्र खर्च भएको छ ।

प्रदेश कोलनिकाका अनुसार पूँजीगततर्फ प्रदेश लोकसेवा आयोग १.१८ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १.१७ प्रतिशत अर्थ मन्त्रालले ८ प्रतिशत, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय ०.२० प्रतिशत, भूमि व्यवस्था कृषि सरकार मन्त्रालय ०.६७ प्रतिशत, ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय २ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले ०.८७ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालय १.८३ प्रतिशत, शिक्षा तथा संस्कृति मन्त्रालय ०.०६७ प्रतिशत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ०.२४ प्रतिशत खर्च भएको हो । प्रदेश सरकारका सचिवहरुले राजनीतिक अस्थिरता भन्दा पनि अर्थ मन्त्रालयले गरेको पूँजीगत बजेट रोक्काका कारण विकास निर्माणतर्फ पूँजीगत खर्च गति लिन नसकेको बताउंछन् ।

ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालयका निमित सचिव रामकुमार खँगले भने विकास निर्माणतर्फको पूँजीगत बजेट खर्चमा राजनीतिक अस्थिरता भन्दा पनि अर्थमन्त्रलायले करीब ३ महिनादेखि पीएलएमएस लक (पूँजीगत बजेट रोक्कांका) कारण बढी असर गरेको छ । उनले भने पछिल्ला वर्षहरुमा मंसिर महिनासम्म करीब १५/२० प्रतिशतसम्म बजेट खर्च भइसक्नुपर्ने थियो ।

तर पूँजीगत बजेटै रोक्का गरिएको कारण चाहँदा चाहँदै मुश्किलले २/३ प्रतिशत बजेट खर्च गर्न पाएका छौ । ती बजेट पनि खडेरी परेका कारण आर्थिक वर्ष सुरुवातकै समयमा बोडिँग लगायतका योजना वितरण गर्दा खर्च भयो, पछि बजेट रोक्का गरिएपछि त्यो पनि ठप्प नै हुन गयो ।

यति मात्र दुधमति उत्थान तथा विकास कार्यक्रम अन्तर्गत उत्खन्न सहितका पहिलो चरणको ठेक्का भइसकेपनि कार्य अघि बढन सकेको छैन भने दोश्रो चरणको पोखरी सौन्दर्यकरण तथा संरचना निर्माणको डिपीआर तयार भई ठेक्काको चरणमा रहेपनि कार्य अघि बढाउन सकिएको छैन । यस्तै भौतिक पूर्वाधार विकास मन्त्रालयका निमित सचिव संजय प्रसाद साहले पनि पीडा पोख्दै भने पूँजीगत बजेटै रोक्का गरिएपछि कसरी काम गर्नु । पहिलाका वर्षमा यस्ता समस्या थिएन तर गत वर्षदेखि यस्तो समस्या आउन थालेको हो ।

उता शिक्षा तथा संस्कृति मन्त्रालयका निमित सचिव दिलिप कुमार ठाकुरले अर्थमन्त्रालयप्रति आक्रोश पोख्दै कुरै गर्न चाहेनन् । उनले भने पूँजीगत बजेट किन भएन भन्ने कुरा जसले पीएलएमएस लक गरेको छ त्यो निकायसँग सोध्नुस हामीलाई के थाहा । यस सम्बन्धमा अर्थ मन्त्रालयका सचिवसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन ।

केन्द्रिय निती अनुसार एक पटक पिएलएमएस खोलिसकेपछि वर्षान्तको अन्तमै असार २५ गते १२ राति बन्द हुन्छ । तर मधेश प्रदेशमा गत वर्षदेखि बजेट खर्च निर्देशिकाको बहानामा पिएलएमएस लक गरी पूँजीगत बजेटै रोक्का गरिदै आएको छ । गत वर्ष निकै मसक्कतपछि चैत महिनामा पिएलएमएस खोलिएको थियो । यसवर्ष कहिले खुल्ने हो ठेगान छैन ।

बिवाहको लागि भाडामा क्यामरा चाहिएमा....



9814237408

AR Photo
Studio-Bardibas

बर्दिबास नगरपालिका-१, ईलाका प्रशासन कार्यालयको छेउमा

हाम्रो सेवाहरु

- फ्लैक्स प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- 2D बोर्ड
- 3Dबोर्ड
- भिजिटिङ्ग कार्ड
- टि-सर्ट प्रिन्ट
- स्टाम्प
- कप प्रिन्ट

छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014